AWADHARANA : **अवधारणा**
[ A Peer-Reviewed, Open Access Journal ]
ISSN : 2505-080x (Print)
Volume 7, September 2022
Published by Creative Democrat Academy

# मोदिआइन उपन्यासमा शैलीविज्ञानपरक रूपविन्यास

**वासुदेव भण्डारी**
**सहप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**

*Article History : Submitted 28 June 2022; Reviewed 20 July 2022; Accepted 12 Aug. 2022*
*Author: Bashudev Bhandari Email: bhandari.basu123@gmail.com*
*DOI: https://doi.org/10.3126/awadharana.v7i1.49341*

## सार

*प्रस्तुत लेख विश्वेश्वरप्रसाद कोइरालाको मोदिआइन उपन्यासको शैलीविज्ञानपरक रूपविन्यासको विश्लेषणमा केन्द्रित छ । यस क्रममा साहित्यिक कृतिलाई भाषाशैलीय कोणबाट विश्लेषण गर्ने महत्त्वपूर्ण आधार मानिने शैलीविज्ञानपरक रूपविन्यासको संक्षिप्त सैद्धान्तिक चर्चा गरिएको छ । लेखलाई तथ्यपरक रूपमा विश्लेषण गरी निष्कर्षमा पुऱ्याउनका लागि पुस्तकालयीय विधि अवलम्बन गरिएको छ । शैलीविज्ञानले साहित्यलाई भाषिक कला र कृतिलाई भाषिक प्रतीक ठानेर विश्लेषण गर्दछ । कृतिभित्रको भाषाका सानादेखि ठूला एकाइसम्मको अध्ययन गर्ने यस पद्धतिका अनुसार प्रत्येक साहित्यिक कृतिका दुई पक्ष हुन्छन्- लेख्य अभिव्यक्ति र कथ्य । लेख्य अभिव्यक्ति रूपविन्याससँग सम्बन्धित हुन्छ भने कथ्य विषय वा सन्दर्भसँग सम्बन्धित हुन्छ । मोदिआइन उपन्यासमा शैलीविज्ञानपरक रूपविन्यास विषयक प्राज्ञिक जिज्ञासाको समाधानका लागि स्पष्ट सैद्धान्तिक अवधारणा र विश्लेषण ढाँचाको निर्माण गरी उपन्यासभित्रका केही उदाहरणका माध्यमबाट विश्लेषण गरिएको छ । यस क्रममा चयनअन्तर्गत शब्दचयन र वाक्यचयन, अग्रभूमीकरणअन्तर्गत विचलन र समानान्तरताजस्ता उपकरणका आधारमा उपन्यासमा कायम भएको रूपविन्यासगत सौन्दर्यको विश्लेषण गरी शैलीविज्ञानपरक रूपविन्यासका आधारमा कृति सौन्दर्ययुक्त एवं गुणात्मक बन्न पुगेको निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्द/शब्दावली** : अग्रभूमीकरण, चयन, भाषिक कला, भाषिक प्रतीक, विचलन, समानान्तरता ।

## विषय परिचय

मोदिआइन उपन्यासमा शैलीविज्ञानपरक रूपविन्यास शीर्षकको यस आलेखमा उपन्यासमा शैलीविज्ञानसँग सम्बन्धित उपकरणद्वारा सिर्जित रूपविन्यासपरक सौन्दर्यको विश्लेषण गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित यस उपन्यासमा रूपविन्यासगत सौन्दर्य सिर्जना गर्ने विभिन्न सिद्धान्तहरूमध्ये शैलीविज्ञानपरक रूपविन्यासलाई मुख्य आधार बनाइएको छ । कथ्यलाई मिठासयुक्त

बनाएर प्रस्तुत गर्ने माध्यम शैलीविज्ञान हो । यसले साहित्यिक कृतिलाई भाषिक प्रतीक ठानेर विश्लेषण गर्दछ । खास गरी कृतिको आधार सामाग्रीका रूपमा रहेको भाषा र यसका एकाइहरू तथा सङ्कथनका रूपमा रहेको कृतिको संरचनामा पाइने एकाइहरूको समेत विश्लेषण गर्ने शैलीविज्ञानका चयन र अग्रभूमीकरणजस्ता उपकरणलाई विश्लेषणको आधार बनाइएको छ । मो दिआइन कोइरालाका उपन्यासहरूमध्ये आकारका दृष्टिले सबैभन्दा सानो उपन्यास हो । सामाजिक र पौराणिक सन्दर्भको संयोजन गरी लेखिएको यस उपन्यासको अन्य विभिन्न कोणबाट अध्ययन भए पनि शैलीविज्ञानपरक रूपसौन्दर्यका आधारमा विश्लेषण भएको नदेखिएको हुँदा यस दृष्टिबाट पनि अध्ययन गर्दा औपन्यासिक मूल्यबोध हुने भएकाले प्रस्तुत शीर्षकमा यस किसिमको अध्ययन अपेक्षित ठानिएको हो । यस क्रममा शैलीविज्ञान अन्तर्गतका चयन र अग्रभूमीकरणलाई कृति विश्लेषणको आधार बनाइएको छ ।

## समस्या तथा उद्देश्य

प्रस्तुत आलेख मोदिआइन उपन्यासमा शैलीविज्ञानपरक रूपविन्यास मूल समस्यामा केन्द्रित रहे को छ र यससँग सम्बद्ध भएर आउने शोधप्रश्नहरू यस प्रकार छन् :

(क) भाषिक एकाइहरूको चयनबाट प्रस्तुत उपन्यासमा के कस्तो रूपविन्यासगत सौन्दर्य सिर्जना भएको छ ?

(ख) अग्रभूमीकरणका आधारमा के कस्तो रूपविन्यासगत सौन्दर्य कायम भएको छ ?

उपर्युक्त शोध्य समस्याहरूको प्राज्ञिक समाधान खोज्नु यस लेखको उद्देश्य हो ।

## सैद्धान्तिक अवधारणा

शैलीविज्ञान अङ्ग्रेजी ‘स्टाइलिस्टिक’ शब्दको नेपाली रूपान्तर हो । यो साहित्यिक समालो चनाको क्षेत्रमा शैलीविज्ञानका नामले चिनिन्छ । शैली सम्बन्धी चिन्तन प्राचीन कालदेखि हुँदै आएको मानिए पनि सन् १९५८ मा अमेरिकामा भएको शैली विषयक पहिलो अन्तर्राष्ट्रिय गोष्ठी र १९६९ मा इटालीमा भएको दोस्रो अन्तर्राष्ट्रिय गोष्ठीबाट सैद्धान्तिक रूपमा आधुनिक समालोचनाका रूपमा स्थापित भएको मानिन्छ (शर्मा र लुइटेल, २०६१ :२३३) । भाषालाई आधार सामग्री मान्ने शैलीविज्ञानले साहित्यलाई भाषिक कला र कृतिलाई भाषिक प्रतीक ठान्दछ । भाषाका साना एकाइदेखि ठूला एकाइसम्म अध्ययन गर्ने शैलीविज्ञानका अनुसार प्रत्येक साहित्यिक कृतिका दुई पक्ष हुन्छन् र तीमध्ये एउटालाई अभिव्यक्ति र अर्कालाई कथ्य भनिन्छ । अभिव्यक्ति साहित्यको बाह्य पक्ष रूपविन्याससँग सम्बन्धित हुन्छ भने कथ्य विषय वा सन्दर्भसँग सम्बन्धित हुन्छ । यसै गरी शैलीविज्ञानले साहित्यिक कृतिलाई साहित्यिक संरचनाको तह र भाषिक संरचनाको तहको सम्मिश्रणबाट निर्मित संरचना मान्दछ र यी दुई तहमध्ये साहित्यिक संरचनाको तहलाई शीर्ष तह र भाषिक संरचनाको तहलाई मूल तह मान्दछ (शर्मा र लुइटेल, २०६१ : २४६) साहित्यिक कृतिको शीर्ष तहमा संरचना र रूपविन्यास दुई तह हुन्छन् । संरचना भन्नाले साना तहहरूको समष्टिलाई बुझिन्छ भने रूपविन्यास भन्नाले साना घटकहरूको कार्य र आपसी सम्बन्धलाई बुझिन्छ ।  वास्तवमा संरचना भनेको साहित्यिक कृतिको अस्थिपञ्जर हो भने

त्यसलाई एउटा आकृति दिने काम रूपविन्यासले गर्छ (श्रेष्ठ, २०३९ :२५९) । कृतिको भाषिक मूल तह अन्तर्गत व्याकरण व्यवस्था (रूप वाक्य), शब्दव्यवस्था (कोशीय शब्द, रूप र अर्थ) र ध्वनिव्यवस्था (खण्डीय र खण्डेतर) पर्दछन् । कृतिका उपर्युक्त दुवै तहलाई जोड्ने काम शैलीाविज्ञान अन्तर्गतका चयन र अग्रभूमीकरण जस्ता उपकरणले गरेको देखिन्छ ।

यहाँ यिनको संक्षिप्त परिचय प्रस्तुत गरिन्छ ः

**चयन**

साहित्यकारले कृतिरचना गर्ने क्रममा भाषिक एकाइका विभिन्न विकल्पहरूमध्येबाट आफूलाई उपयुक्त लागेको एकाइ छनोट गर्नुलाई चयन भनिन्छ । यो शैलीविज्ञान अन्तर्गतको एउटा महत्त्वपूर्ण उपकरण हो । यसले एकातिर लेखकीय चयन स्वतन्त्रतालाई सङ्केत गर्दछ भने अर्कातिर कृतिमा भाषिक सौन्दर्य कायम गर्न मद्दद गर्दछ । भाषिक चयन लेखकीय इच्छामा भरपर्ने देखिन्छ । त्यसैले भाषिक एकाइहरू तथा व्याकरणिक विकल्पहरूको अर्थपूर्ण छनोट नै चयन हो (लिच, ई.१९७९ ः २७) । साहित्यकारले भाषिक एकाइको छनोट विभिन्न विकल्पहरूबाट गर्दछ, त्यो छनोट जानेर, नजानेर वा स्वतः स्फुर्त जसरी गरिए पनि सन्दर्भ अनुसार गरिएको छ भने त्यसको अर्थ हुन्छ । चयन धेरै प्रकारका हुन्छन् तीमध्ये पर्यायवाची,व्यावहारिक, व्याकरणिक, शैलीय, पारिभाषिक र वाक्यात्मक महत्त्वपूर्ण मानिन्छन् (गौतम, २०६६ ः ५३९) । यसरी चयन रूपविन्यासको महत्त्वपूर्ण अङ्ग बनेको दे खिन्छ ।

**अग्रभूमीकरण**

अग्रभूमीकरण अङ्ग्रजी 'फोरग्राउन्डिङ' शब्दको नेपाली रूपान्तर हो । आधुनिक समालो चनाको क्षेत्रमा यसको प्रयोग विशेष रूपमा हुँदै आएको पाइन्छ । साहित्यिक कृतिमा अभिव्यक्तिको पुरानो व्यवस्थालाई तोडेर नयाँ व्यवस्था अँगाल्ने प्रवृत्ति बढी पाइन्छ । यस सन्दर्भमा पुर ानो व्यवस्थालाई भाषाको सामान्य वा पश्चभूमिको निर्माण भनिन्छ भने त्यसको विपरीत नवीन व्यवस्थालाई अग्रभूमिको निर्माण भनिन्छ । साहित्यिक कृतिमा अग्रभूमिनिर्माण भनेको अभिव्यक्तिका कुनै पक्षलाई भङ्गिमाको वक्रताद्वारा तिख्याउनु वा उद्याउनु हो र बढी प्रयोगका कारण रुढ र यान्त्रिक हुँदै गएका संवेदनालाई तोड्नु तथा तिनमा नयाँ रङ्ग भरेर वस्तुजगत्प्रतिको बोधमा साजीपन ल्याउनु हो (शर्मा,२०४८ ः २९) । शर्माको यो भनाइले अग्रभूमीकरणको विशेषतालाई राम्रोसँग चिनाएको छ । वास्तवमा अग्रभूमीकरण नवीनताको खोजी हो । साहित्यमा हजारौं वर्षदेखि प्रयोग हुँदै आएका उपकरणहरू वा मानवीय संवेदनाहरू उही रूपमा प्रस्तुत भइरहँदा सहृदयी भावक त्यसप्रति आकर्षक हुँदैन र साहित्यिक आश्वादनबाट प्राप्त हुने आनन्दानुभूतिमा पनि कमी आउने स्थिति देखिन्छ । कलाको क्षेत्रमा अग्रभीकरणको तात्पर्य अभिव्यक्ति माध्यमका कुनै पक्षको वक्र भङ्गिमाका साथ प्रस्तुत गर्नु भन्ने हुन्छ र यसले रूढ तथा यान्त्रिक संवेदनालाई तोड्ने हुनाले यसको सम्बन्ध अनुभूति तथा अनुभूतिको प्रत्यक्षीकरणका साथ रहेको हुन्छ (श्रीवास्तव, ई. १९९६ ः ४८) । यो भनाइले पनि अग्रभूमीकरणलाई थप स्पष्ट पारेको छ ।

साहित्यिक कृतिमा अग्रभूमीकरणको स्थिति सिर्जना गर्न विचलन र समानान्तरताको विशेष भूमिका रहेको हुन्छ । यिनलाई यसका अभिलक्षण घटक वा प्रकारका रूपमा लिइन्छ । भाषामा परिष्कृत वा मानक रूपको अतिक्रमणलाई विचलन भनिन्छ । मानक भाषाका नियमको उल्लङ्घन गर्नु विचलन हो र यसले साहित्यिक कृतिमा नवीनता सिर्जना गर्न विशेष भूमिका खेलेको हुन्छ । त्यसैले सामान्य भाषाका नियमहरूको उल्लङ्घन नै विचलन हो (श्रीवास्तव, ई.१९९६ :४९) । भाषाका मानक रूपको अतिक्रमण भए पनि जथाभावी प्रयोगलाई विचलन भन्न सकिन्न, यो सार्थक, सोद्देश्यपूर्ण एवं सौन्दर्ययुक्त हुनुपर्छ । यस क्रममा विचलनका पनि विभिन्न प्रकार हुन सक्छन् तर कोशीय, व्याकरणिक, वर्णात्मक, आर्थी, भाषिकागत, प्रयुक्ति आदिलाई मुख्य मानिन्छ ।

अग्रभूमीकरणको अर्को उपकरण समानान्तरतालाई मानिन्छ । कृतिमा भाषिक अभिलक्षण वा एकाइको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ (पौडेल, २०६९:५२) । विचलनभन्दा विपरीत अभिलक्षण मानिने समानान्तरता अतिरिक्त नियमितताका रूपमा देखिन्छ र यो छन्द, अलङ्कार, तुक, समता आदिको प्रयोगमा हुने पुनरावृत्तिको रूपमा देखापर्छ । यस्तो पुनरावृत्ति वा नियमितता वर्ण, अक्षर, रुपिम, शब्द, पदसमूह, उपवाक्य, वाक्य, सङ्कथन, अर्थ आदि सबै भाषिक तहहरूमा हुन्छ (शर्मा, २०५५:५५३) । समानान्तरताको सबल उपस्थिति छन्दोबद्ध कवितामा बढी देखिन्छ । गद्याख्यानमा पनि यसले  रूपविन्यासगत सौन्दर्य निर्माणमा विशेष भूमिका खेलेको हुन्छ ।

## विश्लेषण ढाँचा र अध्ययन विधि

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित मोदिआइन उपन्यास महाभारतीय कथालाई माध्यम बनाएर वर्तमान जीवन सन्दर्भको चित्रण गरिएको कृति हो । यो कृति विषयवस्तुका दृष्टिले जति महत्त्वपूर्ण मानिन्छ रूपविन्यासगत सौन्दर्यका दृष्टिले पनि उत्तिकै मूल्यवान् देखिन्छ । रूपविन्यास सिद्धान्तले स्थापित गरेका विभिन्न पद्धतिबाट यो कृति विश्लेषणीय देखिए पनि अहिले शैलीविज्ञानपरक रूपविन्यास अन्तर्गतका चयन र अग्रभूमीकरणका आधारमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ । उपन्यासकार कोइरालाले औपन्यासिक कथनलाई विशिष्ट तुल्याउन चयनअन्तर्गतका भाषिक एकाइहरू र अग्रभूमीकरणअन्तर्गतका उपकरणहरूको के कसरी प्रयोग गरेका छन् र तिनले उपन्यासमा के कस्तो सौन्दर्य सिर्जना गरेका छन् भन्ने सन्दर्भमा कृतिगत तथ्यलाई अगाडि सारेर विश्लेषण गएिको छ । यसको विश्लेषणढाँचा र अध्ययनविधिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| शोध-प्रश्न | विश्लेषणढाँचा |
|---|---|
| • मोदिआइन उपन्यासमा शैलीविज्ञानपरक रूपविन्यासअन्तर्गतका भाषिक एकाइहरूको चयनबाट के कस्तो रूपविन्यासगत सौन्दर्य सिर्जना भएको छ ?<br>• अग्रभूमीकरण अन्तर्गतका उपकरणद्वारा के कस्तो रूपविन्यासगत सौन्दर्य सिर्जना भएको छ ?<br>• समानान्तरताअन्तर्गतका उपकरणद्वारा के कस्तो रूपविन्यासगत सौन्दर्य सिर्जना भएको छ ? | • शब्दचयनबाट सिर्जित रूपविन्यासगत सौन्दर्य<br>• वाक्यचयनबाट सिर्जित रूपन्यासगत सौन्दर्य<br>• शाब्दिक विचलनबाट सिर्जित रूपविन्यासगत सौन्दर्य<br>• आर्थी विचलनबाट सिर्जित रूपविन्यासगत सौन्दर्य<br>• व्याकरणिक विचलनबाट सिर्जित रूपविन्यासगत सौन्दर्य<br>• बाह्य समानान्तरताबाट सिर्जित रूपविन्यासगत सौन्दर्य<br>• आन्तरिक समानान्तरताबाट सिर्जित रूपविन्यासगत सौन्दर्य |

प्रस्तुत अध्ययन शैलीविज्ञानपरक रूपविन्यासअन्तर्गतका चयन र अग्रभूमीकरण उपकरणका आधारमा मोदिआइन उपन्यासको विश्लेषणमा केन्द्रित छ । यसका लागि आवश्यक सामग्री सङ्कलनको स्रोत पुस्तकालयलाई बनाइएको छ । यसको प्राथमिक स्रोत सम्बन्धित कृति हो भने द्वितीयक स्रोतका रूपमा यस अध्ययनसँग सम्बन्धित सैद्धान्तिक पुस्तक, समालोचना, शोधप्रबन्ध आदि रहेका छन् । रूपविन्यास सिद्धान्तअन्तर्गतको शैलीविज्ञानपरक रूपविन्यासका चयन र अग्रभूमीकरणलाई आधार बनाएर कृतिको विश्लेषण गरिएकाले निगमनात्मक विधिको अवलम्बन गरिएको छ । सूक्ष्म रूपमा सम्बन्धित उपकरणहरूको वर्गीकरण र तदनुरूपका तथ्यगत उदाहरणहरूको विश्लेषण गर्ने क्रममा अंशतः आगमनात्मक विधि र आवश्यकता अनुसार वर्णनात्मक एवं विश्लेषणात्मक विधिको प्रयोग पनि गरिएको छ ।

## मोदिआइन उपन्यासमा प्रयुक्त शैलीविज्ञानपरक रूपविन्यासको विश्लेषण

प्रस्तुत अध्ययनमा शैलीविज्ञानद्वारा स्थापित सैद्धान्तिक उपकरणका आधारमा विश्वेश्वरप्रसाद कोइरालाको मोदिआइन उपन्यासको विश्लेषण गरिएको छ। यस क्रममा शैलीविज्ञानका चयन, विचलन, समानान्तरताजस्ता उपकरणलाई रूपविज्ञानपरक उपकरणका रूपमा लिइएको छ । यी उपकरणहरूले उपन्यासमा भाषिक विशिष्टता एवं अभिव्यक्तितग सौन्दर्य कायम गर्ने भएकाले यहाँ तिनको विश्लेषण गरिएको छ । यहाँ उपर्युक्त उपकरणद्वारा भिन्नभिन्न शीर्षकमा विश्लेषण गरी आवश्यक साक्ष्यद्वारा उपन्यासमा कायम भएको रूपविन्यासपरक सौन्दर्यको विश्लेषण गरिएको छ ।

### मोदिआइन उपन्यासमा चयन

साहित्यकारले कृतिको रचना गर्ने क्रममा विभिन्न भाषिक विकल्पहरूमध्ये कुनै एकको छनोट गर्ने कार्यलाई चयन भनिन्छ । यस प्रकारको भाषिक चयन विचारपूर्वक वा यादृच्छिक तरिकाले गरिएको हुन्छ । उपन्यासकार कोइरालाले गरेको भाषिक चयन र त्यसबाट सिर्जित शैलीविज्ञानपरक रूपविन्यासको विश्लेषण गर्ने क्रममा शब्दचयन र वाक्यचयनलाई लिइएको छ -

#### *शब्दचयन*

भाषाको सानो सार्थक एकाइको छनोटलाई शब्दचयन भनिन्छ । एउटा विषय वा सन्दर्भ बुझाउनका लागि लेखकले विभिन्न शाब्दिक विकल्पहरूमध्ये यादृच्छिक रूपमा छनौट गर्दछ । उपान्यासकार कोइरालाले विषयको प्रकृति र आफ्नो रूचि अनुसार शब्दचयन गरी शैलीगत वैशिष्ट्य कायम गरेको देखिन्छ । उनले मोदिआइन उपन्यासमा गरेको शब्दचयन र त्यसबाट सिर्जित रूपविन्यासगत सौन्दर्यको विश्लेषण निम्नानुसार गरिएको छ

(क) कुनै पनि पहिलेका घटनालाई स्मृतिको आधारमा क्रमबद्ध पार्न र अर्थयुक्त बनाउन कल्पनाको सहायता नलिई जस्तो लाग्छ, जस्तो कि पुरातत्ववेत्ताहरू एउटा खण्डहरमा उपलब्ध भएका ईट, पथ्थर, भुँइको बनावट केही आकारमय काठका रचनाहरू र गृहनिर्माणमा चाहिने अन्य सामग्रीहरूको आधारमा त्यहाँ धरै काल पहिले खडा रहेको विशाल राजप्रसादको वर्णन गर्दछन् (पृ.१) ।

(ख) निर्मल पानी छ, ठण्डा, तर किनारैमा न्वहाउनु, भित्र टाढा नजानु, बडो गहीरो छ हडाहा (१३)।

(ग) तेस्तै बेघर हुनगएका परिवारहरूमध्ये एउटा क्षेत्रिय परिवार थियो, जसमा एउटी सानी बालिका थी, जसको नाउँ, जसको नाउँ.....जसको नाउँ ...... ल सम्भें नारी थियो (२७)।

(घ) म सरह लाखौं लाख नारीहरूको प्रेतात्मा आफ्नो अनन्तको वैधव्यको व्यथा बोकेर चौदहै भुवनमा भौतारिएर हिडिरहेका छन्, आफ्ना प्यारालाई खोज्दै (५०)।

उपर्युक्त उदाहरण (क) को रेखाङ्कित शब्द नामपद हो। यो नामपदको चयनमा विशिष्टता पाइन्छ। यो उपन्यास लेखकीय बाल्यकालीन पूर्वस्मृतिमा आधारित छ। सुदूर अतीतको स्मृतिलाई वर्तमानमा उतार्ने क्रममा खण्डहरलाई दृष्टान्तका रूपमा लिइएको छ। यसको सट्टामा स्मारक, भग्नावशेष वा अन्य कुनै  शब्द प्रयोग गर्दा पनि हुने थियो तर उपन्यासकारले जीवनको अतीतबाट लिइएको कथावस्तु र त्यसको स्वरूपलाई सङ्केत गर्न उक्त शब्द चयन गरेको देखिन्छ। उदाहरण (ख) को रेखाङ्कित शब्द उपन्यासमा प्रयोग भएको पोखरीको विशेषण शब्द हो। यसले महाभारत कालीन ऐतिहासिक सन्दर्भलाई सङ्केत गरेको छ। यसको चयनमा विशेष सन्दर्भ लुकेको छ। यो उपन्यासमा लेखकले बाल्यकालीन सन्दर्भसँगै अति प्राचीन महाभारतकालीन सन्दर्भलाई पनि ल्याएर जोडेका छन्। पोखरीको विशेषण शब्दका रूपमा 'विशाल', 'व्यापक' वा अन्य कुनै शब्द प्रयोग गर्न सकिन्थ्यो तर उपन्यासमा मानवीय जीवनमा प्रेमको मूल्य स्थापित गर्न महाभारतको युद्धमा कुरूक्षेत्रमा मारिएका योद्धाको शरीर बोकेर ल्याएका चिलले त्यो पोखरीमा ल्याएर खसाएको र कालान्तरमा पोखरीमा मानवीय हड्डी भएको आशङ्काले खनाउँदा त्यहाँ मानवीय हड्डी पाइएको हुँदा उक्त पोखरीको रहस्य स्पष्ट गर्न उक्त शब्द चयन गरेको देखिन्छ। उदाहरण (ग) को रेखाङ्कित शब्द नाम पद हो। यसको चयनमा पनि विशिष्टता पाइन्छ। यो उपन्यास नारीकै कथाबाट निर्माण भएको छ। सामान्य अर्थमा पुरूषको विपरीतार्थक शब्द 'नारी' हो तर यहाँ नारी शब्दले विशे ष अर्थ प्रदान गरेको छ। यसका सट्टामा 'महिला', 'स्त्री', 'आइमाई' आदि राख्न सकिन्थ्यो तर उपन्यासकारले 'नारी' जातिवाचक शब्द प्रयोग गरेर उसको शक्ति, सामर्थ्य र विशिष्टता देखाउनका साथै मोदिआइनको प्रचीन र आधुनिक जीवन कहानीलाई संयोजन गर्न उपर्युक्त शब्द चयन गरेको देखिन्छ। उपर्युक्त उदाहरण (घ) मा रेखाङ्कित शब्द 'प्रेतात्मा' शब्द नामपद हो। यसको चयनमा पनि विशेष अभिप्राय देखिन्छ। उपन्यासमा पूर्वजन्मको कथासमेत आएको छ। यसका सट्टामा 'मृतात्मा', 'पिशाच' आदि प्रयोग गर्न सकिन्थ्यो तर उपन्यासकारले मोदिआइनको पूर्वजन्मको कथासमेतलाई सङ्केत गर्न भनौं वा महाभारतकालीन युद्धमा मारिएका विधवा पत्नीहरूको आत्मा आफ्ना प्याराको खोजीमा रहे को कथा सङ्केत गर्न उक्त शब्द चयन गरेको देखिन्छ। यस प्रकारका शब्दहरूको चयनबाट उपन्यासमा रूपगत तथा अर्थगत सौन्दर्य कायम भएको छ।

***वाक्यचयन***

मेदिआइन उपन्यासमा सरल, संयुक्त र मिश्र तीनै किसिमका वाक्यहरूको चयन गरिएको छ,

जस्तो :

(क) मैले झट्ट ओठलाई जिब्रोको टुप्पोले चाटें (१२) ।

(ख) मोदिआइन चौकीबाट उठेर हाम्रो स्वागतका लागि तल झरी (१२) ।

(ग) आकाशमा चीलहरू बगिरहेका थिए धेरै माथी (१६) ।

(घ) उसले हाँस्दा देखिएका उसका मिलेका दाँतको चमकले मछुवारिनको अनुहार टलक्क भएर टल्कियो र उसका ओठ रसाएका जस्ता चिल्ला भए (२०) ।

(ङ) गर्मीको ताका त्यहाँको सुख्खा भूमि तातेर रन्किन्थ्यो र टाढाबाट हेर्दा लाग्थ्यो, माटोतल कुनै प्रज्वलित अग्निकुण्ड हरहर गरेर बलिरहेछ, जसको रापको लपट जमिनबाट उठेर वायुमा टल्किन्थ्यो (३७) ।

उपर्युक्त उदाहरणमा प्रस्तुत वाक्यहरू सरल, संयुक्त र मिश्र प्रकृतिका छन् । यी वाक्यहरूद्वारा कृतिमा पात्रका चारित्रिक विशेषता, कथानकीय घटना, पात्रको मानसिक स्थिति आदि प्रकट हुन्छन् र भाषिक सौन्दर्य कायम भएको देखिन्छ । विषयको वर्णनमा नवीनता थपेर गम्भीर भाव प्रक्षेपण गर्नुपर्दा लामा वाक्यहरू चयन गरिएका छन्,। उदाहरण (क) मा मोदिआइनले सानुबाबु भोकाएर ओठ सुकेको ओंठलाई सङ्केत गर्दा सानुबाबुले ओठ चाटेर प्रतिक्रिया जनाएको छ । यस्तै उदाहरण (ख) पनि सरल वाक्य हो र यसमा मोदिआइनले अतिथि स्वागतमा देखाएको तत्परताको वर्णन गरिएको छ। उदाहरण (ग) पनि सरल वाक्य हो। यो व्याकणिक रूपमा विचलित छ। यसमा क्रियाविशेषण अन्त्यमा राखेर व्याकरणिक पदक्रम विचलन गरिएको छ र आकाशमा उडेका चिलहरूलाई जमिनमा बग्ने तरल पदार्थको क्रियापद प्रयोग गरेर आर्थी विचलन पनि गरिएको छ । उदाहरण (घ) संयुक्त वाक्य हो । यसमा माछा बेच्न बसेकी मछुवारिनले ग्राहकका रूपमा आएको दरभङ्गा दरवारको पण्डितलाई लोभ्याउन हाँसेर माछाको बयान गर्दा शङ्कास्पद रूपमा देखिएको दाँतको चमक र रसाएका ओठले तान्त्रिक प्रभावित भएको वर्णन गरिएको छ। उदाहरण (ङ) मिश्र वाक्य हो । यसमा नारीहरूले गर्मीको याममा सूर्यकुण्डमा भेला भएर त्यहाँबाट देखिने कुरूक्षेत्रको मैदानको वर्णनसँग सम्बन्धित छ । महाभारतीय रणभूमि कुरूक्षेत्रको उष्ण-सन्तप्तमय वातावरणलाई अतिशयोक्तिपूर्ण ढङ्गले वर्णन गरिएको छ । यसरी उपर्युक्त उदाहरणका रूपमा आएका वाक्यहरूले औपन्यासिक घटना, पात्रीय कार्यव्यापार, मनोदैहिक स्थिति, परिवेशवर्णन आदिमा सहयोग पुग्नुका साथै मिठासयुक्त अभिव्यक्तिका माध्यमबाट रूपविन्यासगत सौन्दर्य कायम भएको देखिन्छ ।

**मोदिआइन उपन्यासमा विचलन**

भाषामा मानक रूपको अतिक्रमणलाई विचलन भनिन्छ। साहित्य आफैमा कलात्मक अभिव्यक्ति भएको हुँदा विषय प्रस्तुति गर्ने क्रममा साहित्यकारले भाषाको मानक नियमभन्दा बाहिर गएर प्रयोग गरेको पाइन्छ । विचलन अनेक प्रकारका हुन्छन् तापनि कोशीय, शाब्दिक, व्याकरणिक एवं आर्थी विचलनलाई मुख्य प्रकार मानिन्छ। यहाँ यिनैका आधारमा कोइरालाको मोदिआइन उपन्यासको विश्लेषण गरिएको छ ।

### *शाब्दिक विचलन*

मोदिआइन उपन्यासमा मानक शब्दलाई नयाँ स्वरूप दिएर शाब्दिक विचलन गरिएको छ, जस्तो -

(क) मिसरजीले भने -“अब मोदिआइन कहाँ जाऊँ। त्यहाँ न्वाही, ध्वाई, खाइवरी सहर हेर्न तिमीलाई लगुँला”(१०)।

(ख) ती पसल मध्ये एउटा छेउको पसलमा हामी गयौं जसको कर्ता-धर्ता मोटी अग्ली हिस्सी परेकी मोदिआइन थी (११)।

(ग) उ भन्दै गई-“यै तलाउको किनारमा तेस बखत यो तलाउ एउटा सानो वापी थियो भारैभारले घेरिएको बसेर एउटी मछुवारिन माछा बेच्थी (१९)।

(घ) साच्चै यो कथा पनि आमाले कैले भनेको थियो जस्तो लाग्यो मलाई (२७)।

उपर्युक्त रेखाङ्किकत शब्दहरू मानक रूपबाट विचलित भएका छन्। उदाहरण (क)मा प्रयुक्त ‘ न्वाई’ र ‘ध्वाई’ विचलनयुक्त छन्। यिनका सट्टामा ‘नुहाइ’ र ‘धुवाइ’ शब्द प्रचलित छन्। उदाहरण (ख) को ‘थी’ विचलनयुक्त छ। यसका सट्टामा ‘थिई’ शुद्ध रूप प्रयोग हुन्छ। उदाहरण (ग) मा ‘यै ’ र ‘तेस’ शब्द विचलनयुक्त छन्। यिनका सट्टामा क्रमशः ‘यही’ र ‘त्यस’ शब्द प्रचलित छन्। यस्तै उदाहरण (घ)मा ‘कैले’ शब्द पनि विचलनयुक्त छ। यस प्रकारको शाब्दिक विचलन परिवेश वा पात्रीय जीवनको स्तर अनुरूप गरिएको हुँदा सार्थक र सोद्देश्यपूर्ण रहेको देखिन्छ। उपन्यासमा यस प्रकारका विचलनयुक्त शब्दले कथ्यमा स्वभाविकता कायम हुनुका साथै रूपविन्यासगत सौन्दर्य सिर्जना गरेको दे खिन्छ।

### *व्याकरणिक विचलन*

मोदिआइन उपन्यासमा व्याकरणिककोटि तथा भाषिक एकाइ (वाक्य, उपवाक्य, पद, पदावली आदि)का तहमा भाषिक विचलन गरिएको छ, जस्तो-

(क) “ठुला मानिस थरिथरिका हुन्छन्। असल मानिस भने एकथरिका मात्रै हुन्छन्। ठुलो हुनपट्टि नलाग्नु, असल हुनपट्टि लाग्नु नानी” (१५)।

(ख) कहाँ कुरूक्षेत्र र कहाँ दरभंगा ! तेत्रो दूरी। र योद्धाको भारी शरीरलाई बोकेर उड्नु यति टाढा ! कत्रा चील हुँदाहुन्, कति शक्तिशाली, तिनताका (२१)।

(ग) तेस दिन एउटा ठुलो रोहू माछा थियो उसको डालामा (२०)।

(घ) मैले पक्क परेर सोधें -“ऐले पनि होली त्यो स्वास्नी मानिस ?”(२३)।

(ङ) घरमा आमालाई सम्झें, बालाई संझें, संझें भाईबैनीहरू अघि नै खाएर सुतीसके होलान् (२३) ।

उपर्युक्त उदाहरणमा आएका तथ्यहरूलाई हेर्दा व्याकरणिक नियम वा व्यवस्थामा विचलन दे

खिन्छ । उदाहरण (क)को प्रत्यक्षकथनमा सम्बोधनको नाम शब्द वाक्यान्तमा प्रयोग गरेर पदक्रममा विचलन गरिएको छ । यसबाट यो वाक्य विशिष्ट बनेको छ । यसमा मोदिआइनले सानो बाबुलाई लक्ष्य गरेर उपदेश दिएको हुँदा वाक्यान्तमा 'नानी' सम्बोधन पद राखिनुमा सोद्देश्यमूलक विचलन देखिन्छ । उदाहरण (ख)मा पनि पदक्रम विचलन गरिएको छ । कुरूक्षेत्रमा मारिएका योद्धाहरूका लास बोकेर उडेका चिलले दरभङ्गाको वापीमा ल्याएर खसालेको ऐतिहासिक सन्दर्भ जोडेर 'हडाहा' दहको महत्त्व दर्शाउन र त्यति बेलाका पशुपक्षी पनि निकै बलशाली रहेको तथ्य प्रस्तुत गर्न पदक्रम विचलन गरिएको छ । त्यसैले यो विचलन सोद्देश्यमूलक देखिन्छ । यसले मछुवारिनको चारित्रिक विशेषता पनि प्रकट गरेको छ। उदाहरण (ग)मा पनि अधिकरण पद अन्त्यमा प्रयोग गरेर विचलन गरिएको छ। महाभारत कालीन योद्धाकी स्त्री प्रेतात्माका रूपमा मछुवारिन बनेको रहस्य प्रस्तुत गर्न विचलन गरिएको छ । उदाहरण (ङ)को वाक्यको तस्रो 'संभें' क्रियापदको पदक्रम विचलन गरिएको छ । यहाँ मोदिआइनको अतिथि भएर बस्ता सानो बाबुले आफूलाई नितान्त एक्लो महसुस गरी घरपरिवारलाई सम्भदाको बालमनोविज्ञान प्रस्तुत गर्न विचलन गरिएको देखिन्छ । यसरी व्याकरणिक विचलनको नमुना र तदनुसारका तथ्यलाई हेर्दा पदक्रम विचलनको मात्रा बढी र अन्य पक्षको विचलन कम देखिन्छ । यस प्रकारको अर्थपूर्ण विचलनबाट उपन्यासको कथनढाँचामा प्रभावकारिता सिर्जना हुनुका साथै रूपविन्यासगत सौन्दर्य कायम भएको देखिन्छ ।

***आर्थीविचलन***

उपन्यासमा प्रयुक्त भाषिक एकाइले सामान्यार्थभन्दा भिन्न विशिष्ट अर्थ व्यञ्जित गर्नुलाई आर्थीविचलन भनिन्छ । मोदिआइन उपन्यासमा पाइने आर्थी विचलनमध्ये केही उदाहरण र तिनको विश्लेषण निम्नानुसार गरिएको छ -

(क) आकाशमा चीलहरू बगिरहेका थिए धेरै माथि (१६) ।

(ख) दरभंगा शहरको यो लामो भ्रमणले आँखामा अनौठा दृश्य भर्दै, तर शरीरमा तीव्र थकान लिंदै साँभ पख हामी फेरि मोदिआइन कहाँ आइपुग्यौं (१८) ।

(ग) सपना र विपना दुवैमा एकनासको डरका तस्वीर मात्र खिचिन्थें (२५) ।

(घ) मलाई लाग्यो मेरो कानमा अमृत चुहिरहेको छ (३३) ।

उपर्युक्त उदाहरणमा आर्थीविचलन भई विशिष्ट अर्थ व्यञ्जित भएको छ । उदाहरण (क)मा दिउसोको औपन्यासिक परवेश वर्णन गर्ने क्रममा आकाशमा उडिरहेका चिलको वर्णन गर्दा 'बगिरहेका' भनिएको छ । यथार्थमा चिल आकाशमा उड्ने पक्षी भएकाले उडाइलाई तरल पदार्थ बगाइका रूपमा देख्नु असङ्गत कुरा हो । पक्षीको उडाइ हुन्छ बगाइ हुँदैन । त्यसैले यहाँ अर्थतात्विक विचलन भई मध्यान्नको सुनसान समयमा सानो बाबुको बाल मस्तिष्कबाट परिवेश वर्णनलाई आकर्षक बनाउन मुख्य अर्थमा विचलन गरी व्यञ्जनात्मक अर्थ प्रस्तुत गरिएको छ । उदाहरण (ख) बालपात्र सानो बाबु र मिसिरजी दरभङ्गा सहर घुम्दाको सन्दर्भसँग सम्बन्धित छ । सहर घुम्ने क्रममा अनौठा अनौठा दृश्य हेर्दै भन्नु पर्नेमा दृश्य भर्दै भनेर मुख्य अर्थमा विचलन

गरिएको छ । आँखामा दृश्य भर्न मिल्दैन । दृश्य हेरिन्छ, भरिदैन । हेरिने दृश्यलाई भराइका रूपमा लिनु असङ्गत कुरा हो । आँखाले दृश्य हेर्ने काम गर्छ, भर्ने काम गर्दैन । त्यसैले यहाँ अर्थतात्विक विचलन भई सहरमा मनोरम दृश्यावलोकनबाट भएको खुशीलाई आकर्षक ढङ्गले व्यक्त गर्न मुख्य अर्थमा विचलन गरी व्यञ्जनात्मक अर्थ प्रस्तुत गरिएको छ । उदाहरण (ग) मोदिआइनको घर राति एक्लै सुत्दा सानो बाबुका मनमा उत्पन्न डर र त्यसले पारेको प्रभावसँग सम्बन्धित छ । विरानो ठाउँमा राति एक्लै सुत्दा सानो बाबुलाई राम्रोसँग निद्रा परेन । रात्रिको निस्तब्धता, अन्धकार, निशाचरी किराहरूको गुन्जन, बत्तीमा देखिने छाँयाहरूले ऊ भयभीत हुन्छ । बालमनमा उत्पन्न मनोबिम्बहरूलाई तस्विर खिचिएको भनिएको छ । तस्विर क्यामरामा खिचिन्छ मनमा खिचिन्न । त्यसैले मुख्य अर्थमा विचलन देखिएको छ । रातिको अन्धकारमा एक्लो बालक भयभीत हुँदाको अवस्था वर्णन गर्न मुख्य अर्थमा विचलन गरी व्यञ्जनात्मक अर्थ प्रस्तुत गरिएको छ । उदाहरण (घ) राति मोदिआइनले सानो बाबुलाई कथा सुनाउँदै गर्दा आफूलाई महाभारत कालीन नारीका रूपमा रूपान्तरण गरी जङगलमा जाँदा एकान्तमा भेट भएको कौरव पक्षीय सिपाहीसँगको भेटमा उसले गरेको आफ्नो रूपसौन्दर्यको वर्णन सुनेर खुशी हुँदाको क्षणसँग सम्बन्धित छ । श्रवण इन्द्रियमा पेय पदार्थ अमृत चुहिरहेको भन्ने कुरा सम्भव छैन । श्रवण इन्द्रिय कानमा अमृत चुहिरहेको भनिएकाले वाच्यार्थमा बाधा उत्पन्न भएको छ । यथार्थमा पेय पदार्थ अमृत कानमा हालिन्न । यहाँ आर्थीविचलन भई जङ्गलमा भेट भएको सिपाहीले  नारीको रूपसौन्दर्यको वर्णन गर्दा प्रयो ग गरेको मीठो वचनलाई विचलन गरी आकर्षक तुल्याइएको छ । यसरी एक किसिमको भाषिक रूपको विन्यासबाट अर्कै विशिष्ट अर्थ व्यञ्जित गर्ने आर्थी विचलनले उपन्यासमा अर्थतात्विक तथा रूपविन्यासगत दुवै सौन्दर्य कायम भएको देखिन्छ ।

**मोदिआइन उपन्यासमा समानान्तरता**

शैलीविज्ञानपरक रूपविन्यास कायम हुनाका लागि अग्रभूमीकरण अन्तर्गतको समानान्तरता उपकरणको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । समानान्तरता बाह्य र आन्तरिक दुई प्रकारको हुन्छ । मो दिआइन उपन्यासमा बाह्य र आन्तरिक समानान्तरताको प्रयोग भएको पाइन्छ । यसका केही उदाहरण र तिनको विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ -

***बाह्य समानान्तरता***

एकभन्दा बढी ध्वनि, पद, पदावली, वाक्य आदिको पुनारावृत्ति भइ कृतिमा बाह्य समानान्तरता कायम हुन्छ, जस्तै :

**ध्वनिका तहमा** : ध्वनिका तहमा देखिने समानान्तरताका उदाहरण निम्न छन् :

(क) 'दरभङ्गा महाराजको दरबार छ रे, हात्तीसार छ रे, ठूलो अस्तबल छरे, कचहरी छ रे, ठूला ठूला घर छन् रे, नाइँ म पनि जान्छु मिसिरजी' (६) ।

(ख) अनि मैले देखें, उसका आँखा कति ठूला, कति काला, कति बानगी परेका, र उसका परेला कति भारी र कस्ता बाँगिएका (१२) ।

(ग) "ठूला मानिस थरिथरिका हुन्छन् । असल मानिस भने एकथरिका मात्र हुन्छन् । ठूलो हुनपट्टि नलाग्नु असल हुनपट्टि लाग्नु, नानी" (१५) ।

उपर्युक्त उदाहरण (क)मा 'र' ध्वनि तेह्र पटक आवृत्ति भएको छ । उदाहरण (ख)मा 'क' ध्वनि दस पटक आवृत्ति भएको छ भने उदाहरण (ग)मा 'न' ध्वनि चौध पटक आवृत्ति भएको छ । यी उदाहरण नमुना मात्र हुन् । उपन्यासमा यस्ता उदाहरण प्रसस्त पाइन्छन् । यस किसिमको ध्वनि आवृत्तिबाट उपन्यासमा लयगत सौन्दर्य र रूपविन्यासगत सौन्दर्य कायम भएको छ ।

**पद/शब्दका तहमा** : पद/शब्दका तहमा देखिने समानान्तरताका उदाहरण निम्न छन् :

(क) "ठूला मानिस थरि-थरिका हुन्छन् । असल मानिस भने एक थरिका मात्र हुन्छन् । ठूलो हुनपट्टि नलाग्नु, असल हुनपट्टि लाग्नु, नानी"(१५) ।

(ख) केबद तान्त्रिकले कड्केको ध्वनि कहि बेरसम्म बेहानको वायुमण्डलमा गुँजिरह्यो र केहि दूर भुञीमा खसेको रोहू माछा बेहानको घाममा टल्किरह्यो (२१) ।

(ग) तेसो हुनाले तसै थलोलाई राजाको थलो भन्थे, कुरू राजाको सरकारी भूमि, कुरूक्षेत्र (३७) ।

उपर्युक्त उदाहरण (क)मा 'ठूलो' शब्द दुई पटक, 'मानिस' शब्द दुई पटक, 'थरि' शब्द तीन पटक,'हुन्छन्' दुई पटक र 'असल' दुई पटक आवत्ति भएका छन् । यस्तै उदाहरण (ख)मा 'केही' शब्द दुई पटक र 'बेहान' दुई पटक दोहोरिएका छन् । उदाहरण (ग)मा 'तेसो' दुई पटक र 'राजा' शब्द दुई पटक दोहोरिएका छन् । यस प्रकारको शाब्दिक पुनरावृत्तिबाट बाह्य समानान्तरता कायम हुनुका साथै अर्थमा पनि जोड पर्न गएको हुन्छ । शाब्दिक पुनरावृत्तिबाट ध्वनिगत पुनरावत्तिसमेत हुन गई लयगत माधुर्य र रूपविन्यासगत सौन्दर्य पनि कायम भएको हुन्छ ।

***आन्तरिक समानान्तरता***

मोदिआइन उपन्यासमा भावको पुनरावत्ति भएका आन्तरिक समानान्तरताका उदाहरण मध्ये केही नमूनाका रूपमा उल्लेख गरी तिनको विश्लेषण निम्न लिखित अनुसार गरिएको छ -

(क) यसरी म हुर्कदै गएँ, वयस चढ्दै गयो । किशोरी भएँ, र यौवनको प्रथम खुड्किलोमा उभिन पुगें (३२) ।

(ख) मैले आफ्नो शरीरलाई थरी-थरीका फुलले सिगारेको थिएँ- राता, सेता, पहेंला फूलहरूले (३३) ।

(ग) तिनताका देशभरि अमन चैन थियो । दुर्योधनको प्रतापले चरैतिर शान्ति थियो (३५) ।

(घ) तेस विराट बञ्जर भूमिखण्डदेखि हामी तर्सिन्थ्यौं, र भन्थ्यौं- त्यो पापी ठाउँ हो, त्यसो हुनाले वन्ध्या माटो छ त्यहाँको (३७) ।

(ङ) हामी स्त्रीहरूलाई भने भयले कतैबाट त्राण थिएन । छटपटाएर यताउति गरिरहन्थ्यौं (४०) ।

उपर्युक्त उदाहरण (क) मोदिआइनले सानोबाबुलाई आफ्नो पूर्वजन्मको कथा सुनाउदाको

सन्दर्भसँग सम्बन्धित छ । उसले 'म हुर्किंदै गएँ, वयस चढ्दै गयो, किशोरी भएँ र यौवनको प्रथम खुड्किलो उभिन पुगेँ' भन्ने भनाइमा भावार्थको पुनरावत्ति भएको छ । यस्तै उदाहरण (ख) महाभारतकालीन 'नारी' चैतको महिनामा जङ्गल घुम्दाको सन्दर्भसँग सम्बन्धित छ । यसमा 'मैले आफ्नो शरीरलाई थरी थरीका फुलले सिंगारेको थिएँ' भन्नु र 'राता, सेता, पहेंला फुलहरूले' भन्नुमा भावार्थको पुनरावृत्ति भएको छ । उदाहरण (ग) विवाह गरेर कर्मघर गएकी 'नारी'ले आफ्नो गृहस्थ जीवनको आनन्द लिंदै गर्दा युद्धसम्बन्धी आशङ्का प्रकट हुँदाको अवस्थासँग सम्बन्धित छ । तिनताका देशभरि अमन चैन हुनु र दुर्योधनको प्रतापले चारैतिर शान्ति हुनुमा भावार्थको पुनरावृत्ति भएको छ । उदाहरण (घ) कुरूक्षेत्रको युद्धको युद्धभूमिको वर्णनसँग सम्बन्धित छ । 'तेस विराट बञ्जर भूमिखण्डदेखि हामी तर्सिन्थ्यौं, त्यो पापी ठाउँ हो त्यसो हुनाले बन्ध्या माटो छ त्यहाँको' भन्नुमा अर्थतात्विक समानता देखिन्छ । उदाहरण (ङ) महाभारतीय युद्धको तैयारी हुँदैगर्दा सिपाहीका पत्नीहरूका मनमा उत्पन्न त्राससँग सम्बन्धित छ । यहाँ 'हामी स्त्रीहरूलाई भने भयले कतैबाट त्राण थिएन' भन्नु र 'छटपटएर यताउति गरिरहन्थ्यौं' भन्नुमा अर्थतात्विक भिन्नता छैन । यस प्रकार उपर्युक्त तथ्यका आधारमा हेर्दा उपन्यासका कतिपय ठाउँमा रूपगत अनेकताभित्र भावगत समानता देखिएर आन्तरिक समानान्तरता कायम भई रूपविन्यासगत सौन्दर्य सिर्जना भएको देखिन्छ ।

## निष्कर्ष

यस लेखमा रूपविन्यास सिद्धान्तअन्तर्गतका विभिन्न आधारहरूमध्ये शैलीविज्ञानपरक रूपविन्यासका आधारमा विश्वेश्वरप्रसाद कोइरालाको मोदिआइन उपन्यासको विश्लेषण गरिएको छ । शैलीविज्ञानपरक रूपविन्यासले विषयलाई भाषिक अभिव्यक्तिगत सौन्दर्य प्रदान गर्दछ । यस क्रममा शैलीविज्ञानले स्थापित गरेका चयन र अग्रभूमीकरणअन्तर्गतका शब्दचयन, वाक्यचयन, शाब्दिक विचलन, व्याकरणिक विचलन र समानान्तरताजस्ता उपकरणका आधारमा मोदिआइन उपन्यास विश्लेषणीय देखिन्छ । यस उपन्यासमा कथनलाई प्रभावकारी बनाउने उद्देश्यले चयन गरिएका विशिष्ट किसिमका शब्दहरूबाट रूपविन्यासगत आकर्षण सिर्जना भएको देखिन्छ भने वाक्यगत चयनबाट औपन्यासिक घटना, पात्रीय संवाद एवं गतिविधि तथा परिवेश आदिको चित्रणमा सहयोग मिल्नाका साथै रूपविन्यासगत सौन्दर्य कायम भएको पाइन्छ । यस्तै विचलनअन्तर्गतका उपकरणबाट उपन्यासमा नवीनता उत्पन्न भई कुतुहलता, स्वाभाविकता, मिठास आदि स्थितिको बोध हुनाका साथै रूपविन्यासगत सौन्दर्य सिर्जना भएको छ । यसै गरी समानन्तरताअन्तर्गतका उपकरणमध्ये बाह्य समानान्तरताबाट रूपगत तथा आन्तरिक समानान्तरताबाट भावगत सौन्दर्य कायम भएको छ । यसरी शैलीविज्ञानपरक रूपविन्यास र यसका उपकरणका आधारमा हेर्दा मोदिआइन उपन्यास गुणात्मक बन्न पुगेको देखिन्छ ।

## सन्दर्भसूची

कोइराला, विश्वेश्वरप्रसाद(२०३६), मोदिआइन, काठमाडौ : चेतना प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद(२०६६), समकालीन नेपाली कविताका प्रवृत्ति, काठमाडौ : पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद(२०६९), प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू, काठमाडौ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

लिच, ज्योफ्री एन(ई.१९७९), अ लिङ्विस्टिक गाइड टु इङ्लिस पोएट्री, लन्डन : लोङ्मेन ग्रुप लिमिटेड ।

शर्मा, मोहनराज(२०४८), शैलीविज्ञान, काठमाडौ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

............(२०५५) समकालीन समालोचना सिद्धान्त र प्रयोग, काठमाडौ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहजराज र लुइटेल, खगेन्द्रप्रसाद, पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

श्रीवास्तव, रवीन्द्रनाथ(ई.१९९६), संरचनात्मक शैलीविज्ञान, दिल्ली : आलेख प्रकाशन नवीन शाहदरा ।

श्रेष्ठ, दयाराम (२०३९), (सम्पा.), पच्चीस वर्षका नेपाली कथा, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।